# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या ७ मिति जेठ ७, २०८१**

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल


**भाग २**

**स्थानीय सरकार**

सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) **बमोजिम परशुराम नगरपालिकाको नगरकार्यपालिकाले** बनाएको तल लेखिए **बमोजिमको** कार्यविधी सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

### मेयर बिजनेस कपकार्यक्रम सञ्चालन सम्बन्धीकार्यविधि, २०८१

प्रस्तावना:नवीनतम ज्ञान, सोच, सीप र क्षमताभएकाउद्यमीलाई नवप्रवर्तनात्मकव्यवसायमा संलग्नहुनउत्प्रेरित गर्ने उद्देश्यले व्यवसाय गर्न चाहने व्यवसायीलाईपुँजीप्रवाह गर्ने सम्बन्धीकाम कारबाहीलाई सरल, स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनियभएकोले,

परशुरामनगरपालिकाको प्रशासकीयकार्यविधीनियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी परशुरामनगरपालिकाले योकार्यविधिबनाएको छ ।

१.संक्षिप्तनाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम“मेयर बिजनेस कपकार्यक्रम सञ्चालनकार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधितुरून्तप्रारम्भ हुनेछ।

२. परिभाषाःविषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "पालिका"भन्नाले परशुरामनगरपालिकालाई सम्झनुपर्छ।

(ख) "उद्यमी"भन्नाले स्टार्ट अपव्यवसाय गर्ने युवा/उद्यमीवाव्यवसायी सम्झनुपर्छ र सो शब्दले त्यस्तो व्यवसाय गर्ने युवा/उद्यमी सम्मिलितप्रोप्राइटरसीप फर्म, साझेदारी फर्म वाकम्पनीलाई समेत जनाउँछ।

(ग) "कार्यकारी समिति"भन्नाले दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(घ ) "निर्देशक समिति"भन्नाले दफा ५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "परियोजना प्रस्ताव"भन्नाले दफा ४ बमोजिमको क्षेत्रमा स्टार्टअप व्यवसाय गर्ने उद्देश्यले तयार गरेको विस्तृत व्यावसायिककार्ययोजना सम्झनु पर्छ ।

(च) "स्टार्टअप व्यवसाय"भन्नाले दफा ३ बमोजिमको व्यवसाय सम्झनुपर्छ।

३.स्टार्टअप व्यवसायः (१) उद्यमीबाट संचालीतवा सञ्चालनको तयारीमा रहेका देहायको मापदण्ड मध्ये न्यूनतम चार मापदण्ड पूरा गरेका व्यवसायलाई स्टार्टअप व्यवसायमानिनेछः-

(क) वस्तु उत्पादनवा सेवाप्रवाहमानवीन ज्ञान, सोच, सीप वा प्रविधिको प्रयोगभएको,

(ख) मौजुदाउत्पादन प्रणालीमा सुधार गरी आधुनिक प्रणालीको माध्यमबाट उत्पादनहुने वाभएको,

(ग) छोटो समयमा नै द्रुततर स्तरवृद्धि गर्न सक्ने सम्भावनाभएको,

(घ) स्टार्टअपकालागिलागत साझेदारी न्यूनतम बिस प्रतिसतचुक्ता पुँजी रहेको,

(२) उपदफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनिदेहायको व्यवसायको लागि यस कार्यविधिबमोजिम स्टार्टअप पुँजीप्रवाहगरिने छैनः-

(क) प्रचलितकानूनबमोजिमनगरपालिकाभित्रदर्ता नगरेको,

(ख) कर प्रयोजनकालागिस्थायी लेखानम्बर नलिएको,

तर सञ्चालनको तयारीमा रहेका व्यवसायीको प्रस्ताव छनौट भएपछि तुरुन्तप्रचलितनियमानुसार दर्ता गरे पश्चातपूँजीप्रवाहगरिनेछ ।

४.उद्यमको क्षेत्रः स्टार्ट अप व्यवसायको रूपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहायबमोजिमहुनेछन्:-

(क) कृषितथा पशुपन्छीमा आधारित उद्यम,

(ख) वन (जडिबुटी, वन पैदावार) माआधारित उद्यम,

(ग) पर्यटन प्रवर्धन तथामनोरञ्जन र अतिथि सत्कारसँग सम्बधितउद्यम,

(घ) बैकल्पिकउर्जा उत्पादनतथावितरण सँग सम्बधितउद्यम,

(ङ) विज्ञान, सूचनाप्रविधितथा संचारमाआधारित उद्यम,

(च) स्वास्थ्य सेवासँग सम्बन्धितउद्यम,

(छ) शिक्षातथाशिक्षासिकाई सम्बधिउद्यम,

(ज) घरायसीवा दैनिकजीवनयापनलाई सरल, सहज ,सुरक्षितबनाउन सहयोग पुग्ने उद्यम,

(झ) वाताबरण संरक्षण तथाफोहोरमैलाको व्यवसायिकव्यवस्थापन सँग सम्बन्धि उद्यम,

(ञ) सहज र सुरक्षितयातायाततथापारवहन सेवासँग सम्बन्धि सम्बन्धिउद्यम,

(ट) विपदजोखिमन्यूनीकरण तथाव्यवस्थापनसँग सम्बन्धिउद्यम,

(ठ) ढंगा, गिट्टी, बालुवातथानिर्माण कार्यसँग सम्बन्धिउद्यम,

(ड) अटोमोबाइलसँग सम्बन्धिउद्यम,

(ढ) परम्परागतप्रविधिवाउत्पादनप्रक्रियाको सुधारसँग सम्बन्धिउद्यम,

(ण) निर्देशक समितिले तोकेको अन्यउद्यम।

५. निर्देशक समितिः (१) स्टार्टअप व्यवसायलाई  स्टार्ट अप पुँजीप्रवाहको समन्वय, सहजीकरण गर्न तथाकार्यकारी समितिलाई  आवश्यकनिर्देशनदिन  देहायबमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) संयोजकनगर प्रमुख

(ख) सदस्य  संयोजक,आर्थिक विकास समिति

(ग) सदस्यनगरकार्यपालिकाले तोकेको एक महिला सहित २ जना

(घ) सदस्य सचिवप्रमुखप्रशासकीयअधिकृत

(२) निर्देशक समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धितक्षेत्रकाबिषय बिज्ञ तथापदाधिकारीलाई  आमन्त्रण  गर्न सकिनेछ।

(३) निर्देशक समितिको बैठक सम्बन्धीअन्यव्यवस्थातथाकार्य संचालनबिधि सो समितिआफैंले निर्धारण गरे बमोजिमहुनेछ।

(४) परियोजनाकार्यन्वयनको चरणमा आउन सक्ने समस्या समाधान गर्ने गराउने।

६. कार्यकारी समितिः (१) स्टार्टअप व्यवसायलाई  स्टार्टअप पुंजी परियोजना प्रस्तावहरूको मुल्यांकन र छनौट गरी स्टार्ट अप पुँजीप्रवाहको लागिसिफारिस गर्न देहायबमोजिमको कार्यकारी समिति रहनेछ -

(क) संयोजक - प्रमुखप्रशासकीयअधिकृत

(ख) सदस्य - प्रशासकीयअधिकृत

(ग) सदस्य - योजनाअधिकृत

(घ) सदस्य - उद्योग वाणिज्य संघ प्रतिनिधि

(ङ) सदस्यसचिव- पूर्वाधार विकास शाखाप्रमुख

(२) स्टार्टअप व्यवसायलाई  स्टार्टअप पुँजीकालागिप्राप्तहुनआएका र छनौट  तथासिफारिस गर्नुपर्ने प्रस्तावकोसंख्याको आधारमाकार्यकारी समितिको  बैठक आवश्यकताअनुसार प्रमुखप्रशासकीयअधिकृतले तोकेको मिति, समय र स्थानमाबस्नेछ।

(३) कार्यकारी समितिको बैठकमा आवश्यकताअनुसार  प्रस्तावसँग सम्बन्धित  क्षेत्रको विषय बिज्ञ  तथापदाधिकारीलाई  आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यकारी समितिको बैठक सम्बन्धीअन्यव्यवस्थातथाकार्यसञ्चालनबिधि सो समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ।

(५) यस कार्यविधिमाअन्यत्रउल्लेखितकाम, कर्तब्य र अधिकारको अतिरिक्तकार्यकारी समितिको कामकर्तब्य र अधिकार देहायबमोजिमको हुनेछ :-

(क) स्टार्टअप व्यवसायमा स्टार्टअप पुँजीप्रवाहको लागिदफा ३ बमोजिमको मापदण्ड पुरा भएका स्टार्ट अपबाट परियोजना प्रस्तावआव्हान गर्ने,

(ख) स्टार्टअप व्यवसायमा स्टार्टअप पुँजीमाग गर्ने परियोजनाको विवरण तयार गर्ने,

(ग) परियोजनाको पहिचान, मुल्यांकन र छनौट गरि स्टार्टअप पुँजीप्रवाहको सीमा समितिलाई सिफारिस गर्ने,

(घ) परियोजनाकार्यान्वयन सम्बन्धमा स्थलगत सुपरिबेक्षण, अनुगमनतथामुल्यांकन गर्ने गराउने ।

७. परियोजना प्रस्तावआह्वानः (१) यस कार्यविधिबमोजिम स्टार्ट अप पुँजीलिन इच्छुक स्टार्ट अप व्यवसाय गर्ने उद्यमीले परियोजना प्रस्ताव पेश गर्नका लागिकार्यकारी समितिले सात दिनको म्याददिई सार्वजनिक सूचनाप्रकासन गर्नेछ।

(२) उपदफा(१)बमोजिमको सूचनाकाआधारमा स्टार्ट अप पुँजीलिनइच्छुक दफा ३ बमोजिमको योग्यतापुगेको परशुरामनगरपालिकाको स्थायीबासिन्दाभएकोउद्यमीले तोकिएको अवधिभित्र अनुसूची- १बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गर्न सक्नेछ ।

तर एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न सक्ने छैन ।

(३) प्रस्ताव नेपालीभाषामा पेश गर्न सकिनेछ।

(४) प्रस्तावहरू रुजु गरी अनुसूची - २ बमोजिमका मापदण्डको आधारमाप्रमाणिकरण तथामुल्यांकन (परियोजना प्रस्ताव र प्रस्तुतीकरण) गरेर कार्यकारी समितिले परियोजना प्रस्ताव पेश गर्ने म्याद समाप्तभएको तिनदिनभित्र छनौट तथा स्टार्टअप पुँजीका (अधिकतम २ लाखका दरले बजेटको परिधीभित्र रही स्टार्टअपको संख्यातोकी) लागिसिफारिस तथा सम्झौता गर्नुपर्नेछ।

(५)कुनैसिफारिस रद्द भएमामुल्यांकन सूचीमा बैकल्पिकउच्चअंकप्राप्त गर्ने परियोजनालाई स्टार्ट अप पुँजीकालागिसिफारिस गरिनेछ।

८. स्टार्ट अपपुँजीप्रवाहः (१) कार्यकारी समितिले गरेको सिफारिसको आधारमा सम्बन्धित प्रस्तावकउद्यमीलाई नगरपालिकाले दुई किस्तामापुँजीप्रवाह गर्नु पर्नेछ ।

अनुसूची- १

(दफा७ को उपदफा (२) सँग सम्बन्धित)

उद्यमीले पेश गर्ने परियोजना प्रस्तावको ढाँचा

क. प्रस्तावकको परिचयः

१.प्रस्तावकको किसिम (कुनै एकमाचिन्हलगाउने):

प्राइभेट फर्म ☐ साझेदारी फर्म ☐ कम्पनी☐

२.प्राइभेट फर्मको हकमाः

i. प्रस्ताव पेश गर्ने प्रोप्राइटरको नाम थरः ------------------------------

ii. अस्थायी ठेगानाःप्रदेशः ------------- जिल्लाः -------------- गा.पा./न .पा./उ.म.न.पा. वार्ड नं.: टोलः

iii. नागरिकतानम्बरः --------- जारी गरिएको जिल्लाः ------------- जारी मितिः -------------

iv. दर्ता भएको भएफर्म को नामः ------------- दर्ता मितिः------------ दर्ता नम्बरः ------------अस्थायी लेखानम्बरः ------------

v. मुख्य कारोबार स्थलकार्यालय कार्यालय रहेको ठेगानाःप्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न .पा./उ.म.न.पा.: ----------------- वार्ड नं.: ---- टोलः --- ------------टेलिफोन नं.: ----------- प्रोप्राइटरको मोबाइल नं.: ------------- इमेलः - -----------------

३.साझेदारी फर्म वाकम्पनिको हकमाः

i. साझेदारी फर्म / कम्पनिको नामः -------------------------------- शुरु दर्ता भएको निकायःदर्ता मितिः दर्ता नम्बरः स्थायी लेखानम्बरः --------

ii. मुख्य कारोबार स्थलकार्यालय रहेको ठेगानाःप्रदेशः ------------- जिल्लाः -------- ----- गा.पा./न .पा./उ.म.न.पा.: ----------------- वार्ड न.: ---- टोलः ----------- ----टेलिफोन नं.: ----------- प्रोप्राइटरको मोबाइल नं.: ------------- इमेलः --------- ---

iii. आधिकारिक प्रतिनिधिको नाम थर : ------------------------------ पद/दर्जाः-- ----------- टेलिफोन नं.: ---------------मोबाइल नं.:-------------- इमेलः

v. प्रस्तावित परियोजना सम्बन्धिविवरणः

१. परियोजनाको परिचय (२०० शब्दमा नबढ्ने गरी): --------

२. परियोजनाको उद्देश्य (५० शब्दमा नबढ्ने गरी): --------

३ उद्यमक्षेत्र (दफा ४ सँग सम्बन्धित): ---------------

४.परियोजनाको कुलअनुमानितलागत रु. ----- हालसम्म परियोजनामाभएको खर्च रु. ----

५.परियोजनाको बिश्लेषण:

i.स्टार्टअप व्यवसायको रूपमा रहने आधार (दफा ३ अनुसारका मापदण्ड; सम्बन्धित सबैमाचिन्हो लगाउने):

(क) वस्तु उत्पादनवा सेवाप्रवाहमानविन ज्ञान , सोच, सीप वाप्रविधिको प्रयोग: हुन्छ ☐ हुदैन ☐

(ख) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहबाट हालसम्मअन्यकुनै अनुसन्धानवा सहुलियतलिएको ☐ नलिएको ☐

(ग) प्रस्तावित परियोजनाकस्तो हो? नाफामूलक☐ गैरनाफामूलक☐

ii.परियोजना संचालनबाट हुने नवप्रर्वतनियकार्य:

नितान्तनयाँ सोच, सीप र प्रविधिको विकाश☐भइरहेको सीप र प्रविधिमा

परिमार्जन ☐

iii.एक वर्षको अवधीमाथप रोजगारी सिर्जना सम्भाव्य संख्या: -------

iv.परियोजनाबाट उत्पादितवस्तु वा सेवाबिक्रिको बजार :

स्वदेशीबजार ☐अन्तरराष्ट्रिय बजार ☐स्वदेशीतथा परियोजनादुवै बजार ☐

V.परियोजनामाप्रयोग हुने श्रम तथाकच्चापदार्थको स्रोत :

VIश्रम: सबै स्वदेशी☐ अधिकतम स्वदेशी☐अधिकतमविदेशी☐पूर्ण विदेशी☐

VIIकच्चापदार्थ: सबै स्वदेशी☐अधिकतम स्वदेशी☐अधिकतमविदेशी☐ पूर्ण विदेशी☐

VII. मुख्यउद्यमीको शैक्षिक योग्यता:............. प्रस्तावित परियोजनाको क्षेत्रमाअनुभव:बर्ष:

VIII. जोखिमव्यवस्थापन:

- परियोजनाको जोखिम बिष्लेषणकार्य : गरिएको ☐ नगरीएको ☐
- गरिएको भएजोखिमको विषय (५० शब्दमा): ...............
- जोखिमन्यूनीकरण तथाव्यवस्थापन योजना (१००शब्दमा): ...........

IX.परियोजनाको:

- सबलपक्ष (१०० शब्दमा नबढ्ने गरी): -----------------
- कमजोर पक्ष (१०० शब्दमा नबढ्ने गरी): -----------------
- अवसर (१०० शब्दमा नबढ्र्ने गरी): -----------------
- चुनौती (१०० शब्दमा नबढ्ने गरी): -----------------

ख. प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजात :

१.प्राइभेट फर्म /साझेदारी फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (साझेदार फर्मको हकमा साझेदारीहरू बीचको सम्झौतापत्र समेत),

२. अस्थायी लेखानम्बर प्रमाणपत्र,

३. कर चुक्ता प्रमाणपत्र, र

४.प्रस्तावक (साझेदारी फर्म वाकम्पनीको हकमाआधिकारिकप्रतिनिधि) को नागरिकता र हालसालै खिचिएको फोटो।

तर पछि व्यवसाय सञ्चालनमाल्याउने उद्यमीको हकमाफर्म छनौट भएको मितिले १५ दिनभित्रप्रचलितनियमानुसार फर्म दर्ता गरेपश्चातमात्रभुक्तानीदिइनेछ ।

अनुसूची - २

(दफा७ को उपदफा (४) सँग सम्बन्धित)

परियोजना प्रस्तावमुल्यांकनको आधार

१. स्टार्टअप व्यवसायकालागितोकिएका मापदण्ड पूरा गरेको (कुनै एक छान्ने)- १०

(क) न्यूनतम ४ वटा मापदण्ड पूरा भएको - ५

(ख) न्यूनतम ५ वटा मापदण्ड पूरा भएको - ७

(ग) तोकिएको सबै मापदण्ड पूरा भएको - १०

२. परियोजनाबाट अपेक्षितनवप्रवर्तनियकार्य - १५

(क) नितान्तनया सीप र प्रविधिको विकाश र प्रयोग - १५

(ख) भइरहेको सीप र प्रविधिमा परिमार्जन सहितको प्रयोग - १०

३. सोचलाई उद्यमशीलतामा रुपान्तर गर्न सकिने सम्भावना (बहु छनौट) - २०

(क) स्पष्ट दृष्टिको सहितको कार्ययोजना - ४

(ख) प्राविधिक रुपमासम्भाव्य - ४

(ग) आर्थिक स्रोत व्यवस्थापन सम्भावना - ४

(घ) सामाजिकतथा संस्कृतिक रुपले स्वीकारयोग्य - ४

(ङ) वातावारणिय दिगोपनमा योगदान - ४

४. आगामी एक वर्षको अवधीमा पूर्णकालीनथप रोजगारी सिर्जनाको सम्भावना(कुनै एक छान्ने)- १०

(क) ५ जना सम्मथप रोजगारी सिर्जना गर्ने - ४

(ख) ५ भन्दामाधि १० जना सम्म थप रोजगारी सिर्जना गर्ने - ६

(ग) १० भन्दामाधि १५ जना सम्म थप रोजगारी सिर्जना गर्ने - ८

(घ) १५भन्दा बढीजना थप रोजगारी सिर्जना गर्ने - १०

५ . वस्तु वा सेवाउत्पादन पछि को बजार सम्भावना (कुनै एक छान्ने) - १०

(क) स्वदेशीबजार को सम्भावना - ७

(ख) अन्तराष्ट्रिय बजार को सम्भावना - ७

(ग) स्वदेशीतथाअन्तराष्ट्रिय दुवै बजारको सम्भावना - १०

६ . प्रत्यक्षश्रम तथाकच्चापदार्थको स्रोत (कुनै एक छान्ने) - ५

(क) पूर्णरूपमा स्वदेशीश्रम र कच्चापदार्थमाआधारित - ५

(ख) न्यूनतम ५० प्रतिसत सम्म स्वदेशीश्रम र कच्चापदार्थमाआधारित- ४

(ग) ५० प्रतिसतभन्दा बढी विदेशीश्रम र कच्चापदार्थमाआधारित- १

७ . उद्यमीको योग्यता र अनुभव (कुनै एक छान्ने) - ५

(क) प्रस्तावित परियोजनाको विषय क्षेत्रमाउद्यमीले स्नातकवा सो भन्दामाथिलो तहको शिक्षाहासिल गरेको - ३

(ख) प्रस्तावित परियोजनाको विषय क्षेत्रमाउद्यमीले बिगतमान्यूर्नतम २ बर्षको कार्य अनुभवहासिल गरेको - ३

(ग) (क) र (ख) को दुवै अवस्था रहेको - ५

८. जोखिमविश्लेषणतथाव्यवस्थापन (कुनै एक छान्ने) - ५

(क) प्रस्तावित परियोजनाको जोखिम बिष्लेषण गरेको - २

(ख)जोखिमविश्लेषण सँगै जोखिमन्यूनीकरण र व्यवस्थापनको योजनासमेत रहेको - ५

९. प्रस्तावित परियोजनाको विस्तार वाअन्यत्रपुनरावृत्तिहुन सक्ने सम्भावना (कुनै एक छान्ने)- ५

(क) परियोजनामालगानीतथाउत्पादनविधिको सम्भावना - ३

(ख) परियोजनाको ट्रेडमार्क विक्रिको सम्भावना - ३

(ग) लगानीतथाउत्पादनबृद्धि र ट्रेडमार्क विक्रीदुवैको सम्भावना - ५

१० . वस्तु तथासेवाप्रवाहको गुणस्तर अभिबृद्धि र लागतन्यूनीकरण (कुनै एक छान्ने) - ५

(क)बिद्यमानबस्तु उत्पादनवा सेवाप्रवाहको गुणस्तर अभिबृद्धि गर्ने सम्भावना - ३

(ख) बिद्यमानवस्तु उत्पादनवा सेवाप्रवाहको लागत र समय घटाउने सम्भावना - ३

(ग)बिद्यमानवस्तु उत्पादनवा सेवाप्रवाहको गुणस्तर अभिबृद्धि गर्ने तथालागत र समय घटाउने सम्भावना - ५

११. प्रस्तुतीकरणको क्रममाभएको छलफल अन्तरक्रिया (बहु छनौट) - १०

(क)परियोजनाप्रतिको आत्मविश्वास - अधिकतम २

(ख)परियोजनाSWOT Analysis गर्न सक्नेक्षमता - अधिकतम ३

(ग)परियोजनासँगअन्तर सम्बधितबिषयको बोध - अधिकतम २

(घ)रणनीतिक कुशलता -अधिकतम ३

प्रमाणिकरण मितिः २०८१०/२/४

आज्ञाले

कल्पना भट्ट

प्रमुख प्रशासकीय अधिकृत